# कृतज्ञता ज्ञापन

४/१२/२००६ मा विद्यावारिधि (पी.एच.डी.) उपाधिका निमित्त शोधकार्य गर्न उत्तरबङ्ग विश्वविद्यालयमा मेरो नाम दर्ता हुँदा म खुसी थिएँ र अहिलेसम्म पनि खुसी नै छु। आदरणीय गुरू प्राध्यापक डा.भीमकान्त उपाध्यायज्यू को कुशल निर्देशनमा शोधकार्य गर्न पाउनु मेरो लागि गरिमाको बिषय हो । आफ्नो कार्यव्यस्तताका बीचमा पनि उहाँले यस शोधप्रबन्धको परिमार्जन एवम् परिस्कारिताका निम्ति गहन परिश्रम गरिदिनुभएको हुँदा म प्रथमतः उहाँप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु।

यसैगरी जीवनको पहिलो प्रभातसँगै स्नेह, सद्भाव र प्यार प्रदान गर्दै मलाई बोल्न सिकाउने प्रथम गुरू मेरी परमपूजनीय माता बेदमाया भण्डारी र जीवनको बाटामा हिँड्न सदैव सत् प्रेरणा प्रदान गर्नुहुने परमपूज्य पिता पं. महेश्वर भण्डारी तथा हजुरबुबा पं. अविचन्द्र भण्डारीप्रति आभार व्यक्त गर्दछु । बालशिक्षादेखि नै पढाइमा अभिप्रेरणा प्रदान गर्नुहुने मेरा आदरणीय दाजुहरू ईश्वरीप्रसाद, केशवप्रसाद र मोहनप्रसाद भण्डारी तथा दिदीहरूप्रति पनि म आभारी छु। बाल शिक्षा प्रदान गर्नुहुने श्री छिरिङ् लामा, राधिका लामा, ठाकुरप्रसाद खतिवडा, मन्त्रगुरू गुरूप्रसाद वस्ती, वेदगुरू भीमप्रसाद गौतम, व्याकरणगुरू उमानाथ पोखेल, दर्शनशास्त्रगुरू रङ्गलाल भट्टराइ तथा काशीराज सुबेदी, साहित्यशास्त्रगुरू दामोदर भारद्धाज, ज्योतिषशास्त्रगुरू कृष्णप्रसाद ढुङ्गाना, नेपाली साहित्यका मार्गदर्शक डा.डिल्लीराम तिम्सिना र डा. गोबिन्द सुबेदी, राजनीतिकशास्त्रगुरू मोदनाथ प्रश्रित, अंग्रेजी भाषा तथा समाजशास्त्रगुरू मोहन चापागाई, साहित्य सिद्धान्त र समालोचनाका गुरू बासुदेब त्रिपाठी, भाषा विज्ञानगुरू चूडामणी बन्धु, देबी गौतम तथा विद्यावारिधिका सन्दर्भमा सर सल्लाह एवम् सहयोग पुऱ्याउनुहुने प्रा.डा.घनश्याम नेपाल, प्रा.डा.मोहन दाहाल, प्रा.नरेशचन्द्र खाती लगायत सम्पूर्ण विद्वत् जनहरूप्रति उच्च सम्मानको भाव प्रकट गर्न चाहान्छु।

मानवीयमूल्यको खोजी गर्ने सन्दर्भमा आफ्ना अभिमतहरू प्रदान गरी शोधकार्यका लागि उत्साह प्रदान गर्नुहुने राष्ट्रकवि माधवप्रसाद घिमिरे, बरिष्ठ समालोचक गोबिन्द भट्ट, प्रगतिवादी कवि आनन्ददेव भट्ट, पटना विश्वविद्यालय हिन्दी विभागका प्रमुख प्रा.डा. बलराम

तिवारी, त्रिभूवन विश्वविद्यालय नेपाली विभागका प्रमुख राजेन्द्र सुवेदी, बामपन्थी चिन्तक प्रदीप नेपाल र साहित्यकार मुकुन्दशरण उपाध्यायहरू प्रति पनि म आभारी छु ।

यसैगरी शोधसामाग्री सङ्कलन र शोधकार्य सम्पादनमा सहयोग पुऱ्याउने मेरी जीवन सँगिनी रञ्जु नेपाल (भण्डारी), भाइहरू भानु र कृष्ण भण्डारी, छोरा ई. प्रणव भण्डारी, छोरी प्रज्ञा भण्डारी र कम्प्यूटर गरी शोधप्रबन्ध तयार गर्न सहयोग पुऱ्याउने छोरा आयुष भण्डारी र भाइ अञ्जय नेपाल, पुस्तकालयहरूमा पुस्तक उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने पुस्तकालयध्यक्ष तथा कर्मचारीहरू समेत सबैलाइ म हार्दिक धन्यावाद दिन चाहान्छु ।

**शोधकर्ता**
गोपालप्रसाद भण्डारी
दमक, झापा
नेपाल